# कमल राजपत्र

**कमल गाउँपालिका**

**गाउँकार्यपालिकाद्वारा प्रकाशित**

**मिति २०७८।०१।१९**

# भाग: २

## घुम्तीकोष मार्फत पशुपंक्षी दाना उद्योग सञ्चालन निर्देशिका , २०७८

**कमल गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# घुम्तीकोष मार्फत पशुपंक्षी दाना उद्योग सञ्चालन निर्देशिका २०७८

कमल गाँउपालिकामा रहेका पशुपंक्षीहरूमा गुणस्तरिय दाना उत्पादन गर्ने उदेश्यले दाना उद्योग सञ्चालनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुसार घुम्तीकोष मार्फत दाना उद्योग सञ्चालन निर्देशिका २०७८ जारि गरि लागु गरिएको छ

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षीप्त नाम र प्रारम्भ

१.१ यो निर्देशिकाको नाम घुम्तीकोष मार्फत सहकारी साझेदारी दाना उद्योग स्थापना कार्याक्रम कार्यान्वयन निर्देशिका २०७८ हुनेछ ।

१.२ यो निर्देशिका कमल गाँउपालिका कार्यपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा: बिषय वा प्रसंगको अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) कार्यालय: भन्नाले कमल गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) साझेदार: भन्नाले घुम्तीकोष मार्फत पशुपंक्षीको दाना उद्योग स्थापना कार्यक्रमको लागत सहभागितामा सञ्चालन गर्नका लागि ईच्छुक सहकारी अथवा दर्ता भएको फार्म वा व्यवसायलाई जनाउँदछ ।

ग) साझेदारी: भन्नाले घुम्तीकोष मार्फत पशुपंक्षीको दाना उद्योग स्थापना कार्यक्रमको सञ्चालन गर्नका लागि ईच्छुक सहकारी अथवा दर्ता भएको फार्म वा व्यवसाय विच द्विपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

घ) घुम्तीकोष ग्राही: भन्नाले यस निर्देशिका मुताविक घुम्तीकोष प्राप्त गरी काम गर्ने कमल गाउँपालिका अन्तर्गत रहेका सहकारी अथवा दर्ता भएको फार्म वा व्यवसायलाई सम्झनु पर्दछ ।

ङ) द्विपक्षिय सम्झौता: भन्नाले सम्बन्धीत कार्यालय र साझेदारहरूका विच कार्यक्रम कार्यान्वयन गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

च) सहकारी: भन्नाले सहकारी ऐन २०७४ अनुसार तथा प्रदेश सहकारी ऐन वा स्थानीय सहकारी ऐन अनुसार गठित सहकारी संस्था अथवा दर्ता भएको फार्म वा व्यवसायलाई सम्झनु पर्दछ ।

छ) फार्म वा व्यवसाय: भन्नाले कमल गाउंपालिकामा दर्ता भै फार्म वा व्यवसाय गरि नियमानुसार पशुपालन ( दाना उद्योग अथवा गाईपालन अथवा भैसी पालन अथवा बाख्रा पालन अथवा बंगुर पालन अथवा कुखुरा पालन अथवा माछा पालन फार्म ) व्यवसाय सञ्चालन गर्दै आएका पशुपालन फार्म वा व्यवसायहरूलाई सम्झनु पर्दछ ।

प्रस्तावक: भन्नाले घुम्तीकोष कार्यक्रममा भाग लिन ईच्छुक भई प्रस्ताव पेश गर्ने सहकारी अथवा फार्म वा व्यवसायलाई सम्झनु पर्दछ ।

ज) पशुपंक्षी दाना उद्योग: भन्नाले पशुपंक्षीको दाना उत्पादन गर्नका लागी आवश्यक पुर्वाधार सहितको संरचनालाई सम्झनु पर्दछ ।

झ) सन्तुलित दाना: भन्नाले पशुपंक्षीको उमेर र शारिरीक अवस्था अनुसारको मापदण्ड बमोजिम प्रोटिन मेटावोलाइजेवल इनर्जी, खनिज र भिटामिन उपलव्ध हुने गरि तयार गरिएको खुवाउन योग्य दाना सम्झनु पर्दछ ।

३. यस निर्देशिकाको उदेश्य देहाय बमोजीम रहेको छ ।

क) कमल गाउँपालिकामा दानाकोउत्पादन बृद्धि गरी पशु दानामा आत्मानिर्भर बनाउने, दाना उत्पादन, सुलभ वितरण र आपुर्तिमा टेवा पुऱ्याउने ।

ख) पशुपंक्षी पालन व्यवसायलाई व्यवसायिककरणमा सहयोग गर्ने ।

ग) कमल गाउँपालिकालाई पशुपंक्षीपालन व्यवसायको माध्यमबाट आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

घ) घुम्तीकोष मार्फत पशुपंक्षीको दाना उद्योग व्यवसायलाई व्यवस्थित तथा क्रियाशिल बनाउने ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रकृया

४. घुम्तीकोष प्रयोग गर्न पाउने निकायहरू:

क) सहकारी

ख) कमल गाउंपालिका अन्तर्गत फार्म वा व्यवसाय दर्ता गरि नियमानुसार पशुपालन ( दाना उद्योग अथवा गाईपालन अथवा भैसी पालन अथवा बाखा पालन अथवा बंगुर पालन अथवा कुखुरा पालन अथवा माछा पालन फार्म ) व्यवसाय सञ्चालन गर्दै आएका पशुपालन फार्म वा व्यवसायहरू ।

५. घुम्तीकोष रकम खर्च गर्न पाउने क्षेत्रहरू:

क) ग्राइण्डर मेशिन

ख) मिक्सचर मेशिन

ग) फिड एड्डिटिभ मिक्सचर मेशिन

घ) उद्योग भवन

ङ) भण्डारण भवन

६) उद्योग सञ्चालन गर्न पाउने क्षेत्रहरू: कमल गाउँपालिकाका सवै वडाहरू ।

७) कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व:

क) कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी कमल गाउँपालिका तथा घुम्तीकोष ग्राहीको विचमा रहनेछ ।

ख) घुम्तीकोष प्राप्त गर्ने सहकारी अथवा फार्म वा व्यवसायंले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विषेशज्ञ सेवा सम्बन्धीत कार्यालय वा अन्य निकायहरूबाट लिन सकिनेछ ।

ग) घुम्तीकोष प्राप्त गर्ने सहकारी अथवा फार्म वा व्यवसायंले कार्यक्रम सञ्चालनको प्रगती प्रतिवेदन कमल गाउँपालिकाको कार्यालयलाई नियमित रूपमा उपलव्ध गराउनु पर्नेछ ।

८) कार्यक्रम कार्यान्वयन: यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन हुनेछ ।

क) गाउँपालिकाले घुम्तीकोष निर्देशिका अनुसार अनुसूची १ बमोजिम स्थानीय स्तरको पत्रिकामा १५ दिनको सार्वजनीक सुचना प्रकाशन गरि प्रस्ताव आह्वान गरिनेछ ।

ख) कार्यक्रममा सहभागी हुन चाहने प्रस्तावकहरूले अनुसूची ८ बमोजिमको आवश्यक कागजातहरू सहित तोकिएको निकायमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

ग) म्याद नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै कारवाही हुनेछैन ।

घ) उपयूक्तताका आधारमा प्राप्त आवेदकहरूको मुल्याङ्कन, मुल्याङ्कन तथा सिफारिस समितिले गर्नेछ ।

९) स्कीम तथा व्यवसायिक योजना छनौट:

क) व्यावसायिक परियोजनाको प्रारम्भीक छनौट, फिल्ड भेरिफिकेशन गरी कार्यापालिकाम सिफारिस गर्नका लागि तपसिल बमोजिमको प्रस्ताव मुल्याङकन तथा सिफारिस समिति रहनेछ ।

१. प्रमुख प्रशासकिय अधिकृत संयोजक

२, लेखा अधिकृत सदस्य

३. योजना (खरिद इकाई प्रमुख) सदस्य

४ पशु सेवा शाखा प्रमुख सदस्य सचिव

ख) समितिले आवश्यकता ठानेमा सम्बन्धीत विषय विषेशज्ञलाई आमन्त्रण गर्न सक्नेछ र आवश्यक राय सुझाव लिन सक्नेछ ।

ग) रित पुर्वक पेश हुन आएका प्रस्तावकहरूको प्रारम्भिक छनौट अनुसूची ८ बमोजिमको माग गरेका आवश्यक कागजातहरू भए नभएको सूची पेश गर्नका लागी प्रस्ताव मुल्याङ्ककन तथा सिफारिस समितिले सम्बन्धीत कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

घ) प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिले भेरिफिकेशनका लागी प्राविधिक टोली परिचालन गर्नेछ ।

ङ) प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिले आवश्यक ठानेमा सिफारिस पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

च) प्रारम्भिक फिल्ड भेरिफिकेशनमा खटिएको टोलीले अनुसूची ५ बमाजिमको ढाँचामा फिल्ड भेरिफिकेशन गर्नेछ । फिल्ड भेरिफिकेशन फिल्ड मुल्याङ्कनमा कम्तिमा ४० प्रतिशत अंक प्राप्त गरेको प्रस्तावकलाई प्राथमिकिकरण सहित प्रस्ताव मुल्याङकन तथा सिफारिस समितिमा पेश गरिनेछ ।

छ) प्रस्ताव मुल्याङकन तथा सिफारिस समितिले अनुसूची ६ बमोजिमको मुल्याङकन र प्राथमिकिकरण गरि स्वीकृतीका लागी गाउँ कार्यपालिकामा पेश गर्नेछ ।

१० सम्झौता: प्रस्तावका आवेदक र कार्यालय बिच अनुसूची ७ बमोजिमको ढाँचामा दुई पक्ष बिच सम्झौता गरिनेछ ।

## परिच्छेद ३

## घुम्तीकोष प्राप्त गर्ने सर्तहरू

११. घुम्तीकोष प्राप्त गर्न देहाय बमाजिमका शर्तहरू पालना गर्नु पर्नेछ ।

क) सुचना प्रकाशन भएको मिति अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी अथवा फार्म वा व्यवसाय यस कार्यक्रमको लागी योग्य मानिनेछन् ।

ख) पशुपंक्षीको दाना उद्योग स्थापनाको भौतिक संरचनाको डिजाईन र इष्टीमेट गाउँपालिकाको इन्जिनियरबाट तयार भएको हुनु पर्नेछ ।

ग) विगत ३ बर्ष भित्र कुनै पनि सरकारी निकाय वा सरकारले सञ्चालन गरेका योजना तथा आयोजनाहरूबाट सोही प्रकृतिका कार्यक्रममा अनुदान प्राप्त गरेकाहरू पुन: घुम्तीकोष प्रयोजनको लागी योग्य हुने छैन । तर अपुरो निर्माण कार्य सञ्चालन गर्न थप रकम आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा पुन: घुम्तीकोष प्रदान गर्न बाधा पर्नेछैन ।

घ) घुम्तीकोष रकमबाट पशुपंक्षीको दाना उद्योग स्थापना भए पश्चात कम्तिमा २० बर्ष अनिवार्य रूपमा व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

ङ) पशुपंक्षीको दाना उद्योग स्थापना सम्बन्धी अन्य कुराको हकमा सङ्घीय सरकारको दाना पदार्थ ऐन २०३३ र दाना पदार्थ नियमावली २०४१ बमोजिम हुनेछ । साथै उद्योग स्थापना गर्न आकर्षित हुने अन्य प्रचलित ऐन नियमहरूको पालना गरेको हुनु पर्नेछ ।

च) घरेलु तथा साना उद्योग कार्यालय अन्तर्गत दाना उद्योग दर्ता गरिएको हुनु पर्नेछ ।

छ) साझेदार निकायसँग आफ्नै स्वामित्वको कम्तिमा ५ कठ्ठा जग्गा हुनु पर्नेछ । र लिजमा लिईएको जग्गाको हकमा कम्तिमा २० बर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

ज) प्रस्तावकले व्यहोर्ने जग्गा र चालु खर्च बाहेक अनुसूची ४ बमोजिमको प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

झ) १ करोड भन्दा बढी लगानी भएको पशुपंक्षीको दाना उद्योग स्थापना गर्दा कमल गाउँपालिकाको संक्षिप्त बातावरणिय अध्यायन तथा बातावरणिय परिक्षण कार्याविधि २०७७ बमोजिम हुनु पर्नेछ ।

ञ) १ करोड भन्दा बढी लगानी भएको पशुपंक्षीको दाना उद्योग स्थापना गर्दा Pre Feasibility Study को प्रतिवेदन पेश गरेको हुनु पर्ने ।

ट) दाना उद्योग स्थापना गर्ने स्थानमा सडक,विधुत र थ्रिफेज लाईन जडानको सुविधा भएको हुनु पर्नेछ ।

ठ) कार्यक्रम सञ्चालन गर्न सामाजिक वातावरणिय प्राविधिक वित्तिय र भौगोलिक रूपमा उपयूक्त हुनु पर्नेछ ।

ड) घुम्तीकोषको लागी प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परिक्षण गरेको हुनु पर्नेछ ।

ढ) सम्बन्धीत वडाको सिफारिस भएको हुनु पर्नेछ ।

ण) फोहोर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक नभएको हुनु पर्नेछ ।

त) जंगल तथा मानिसको बसोबास वा घना बस्तिसँग नजोडिएको हुनु पर्नेछ ।

थ) नयाँ दाना उद्योग स्थापना गर्ने प्रस्तावकलाई प्राथमिकता दिईने छ ।

द) तालिम,भ्रमण,गोष्ठी,तलब भत्ता जस्ता चालु खर्चमा घुम्तीकोष उपलव्ध गराईने छैन ।

ध) उद्योग सञ्चालन पश्चात उद्योगबाट निस्कने फोहोर व्यवस्थापन सम्बन्धति उद्योग आफैंले गर्नु पर्नेछ ।

न) घुम्तिकोष रकम प्राप्त गर्न सो रकम बराबरको अचल सम्पत्तिलाई रोक्का राखिने छ ।

## परिच्छेद ४

## अनुगमन, मुल्याङ्कन र भुक्तानी

१२ अनुगमन समिति:

क) आयोजनाको निरन्तर अनुगमनको लागि देहाय अनुसारको कार्यक्रम अनुगमन समिति रहनेछ ।

१) गाउँपालिका उपाध्यक्ष संयोजक

२) आर्थिक बिकास समिति संयोजक सदस्य

३) योजना शाखा प्रमुख सदस्य

४) पशु सेवा शाखाको प्रतिनिधी सदस्य सचिव

१३. अनुगमन र मुल्याङ्कन:

क) सम्बन्धीत सरोकारवालाहरूबाट र घुम्तीकोष प्रयोजनको लागि प्राविधिक टोलिहरूबाट कार्यक्रमको अनुगमन मुल्याङ्कन गर्न सकिनेछ । साथै अनुगमनलाई थप प्रभावकारी बनाउनका लागि अनुगमन समितिले आवश्यक ठानेमा सो सगँ सम्बन्धीत विज्ञ टोलि मगाई अनुगमन गराउन सक्नेछ ।

ख) घुम्तीकोष उपयोग प्रगतिको अवस्था र निर्देशिका बमोजिमको सर्तहरू पालन गरेको नगरेको सम्बन्धमा सम्बन्धीत कार्यालयले नियमित अनुगमन गर्नेछ ।

ग) अनुगमन टोलीले घुम्तीकोष उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । यसरि दिएको निर्देशन पालन गर्नु सम्बन्धीत कार्यक्रम कार्यान्वयन गर्ने सहकारी अथवा फार्म वा व्यवसायको कर्तव्य हुनेछ ।

घ) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरि कमल गाउँपालिकाबाट घुम्तीकोषको प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारीको लागी राख्नु पर्नेछ ।

१४. भुक्तनी प्रकृया:

क) भौतिक संरचना सम्पन्न भएको हकमा विनियोजित घुम्तीकोष रकमबाट परिच्छेद २ को ५ बमोजिमका सर्तहरूमा उपलव्ध गराईने छ ।

ख) छनौट भएको प्रस्तावकले सम्झौता भए बमोजिम कार्य सम्पन्न गरेको हुनु पर्नेछ ।

ग) यस निर्देशिका अनुरूप घुम्तीकोष रकमबाट सञ्चालन हुने कार्यक्रमको परिच्छेद २ को ५ बमोजिमका सर्तहरू बाहेकको अन्य लागत प्रस्तावकले व्येहोर्नु पर्नेछ ।

१५. प्रतिवेदन

क) घुम्तीकोषग्राहिले परिच्छेद २ को ५ बमोजिमका मेशिनरि औजारहरू खरिद तथा भौतिक संरचना सम्पन्न भएको प्रतिवेदन पेश भएपछि मात्र उपलव्ध गराईनेछ ।

## परिच्छेद ५

## विविध

१६. कारवाहीको व्यवस्था

क) कशुर गरेको मानिने:

१)देहायको कुनै कार्य गरेमा यस निर्देशिका अन्तर्गतको कसूर गरेको मानिनेछ ।

२)कृत्रिम व्यवसाय खडा गरि घुम्तीकोष रकम भुक्तानी लिई कार्य नगरेको पाईएमा

३)झुट्टा वा गलत विवरण पेश गरि घुम्तीकोष रकम लिएमा

४)धितोको मुल्याङकन गर्दा अस्वभाविक रूपमा मुल्याङकन गरेको पाईएमा

५)सुरक्षण गरिएको अचल सम्पत्तीलाई अन्य कुनै ऋण जन्य प्रकृतिमा कार्य गरेको पाईएमा

६)दाना उद्योग सञ्चालनको लागि लिईएको रकमलाई अन्यत्र प्रयोग गरे गराएमा

७)दाना उद्योग सञ्चालनका लागि लिईएको रकमको किस्ता समयमा नबुझाएमा

ख) सजायँ तथा जरिवाना

कसैले दफा १६ क बमोजिम कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ ।

१) दफा १६ क १,२,३,४,५,६,७ को कसूर गरेको पाईएमा विगो भराई रू १,००,०००। जरिवाना लाग्नेछ साथै गा.पा.बाट प्रदान हुने सबै प्रकारका सेवा सुविधा १ बर्ष सम्म बन्द गरिनेछ ।

२) साथै नेपाल सरकार तथा प्रदेश सरकार अर्न्तगतका रकम हिनामिना सम्बन्धी ऐन तथा नियमहरू बमोजिम दण्ड तथा जरिवाना हुनेछ ।

१७. प्रचलित कानुन लागु हुने

कार्यक्रम कार्यन्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै निर्देशिका बमोजिम कार्यान्वयन हुनेछ ।

१८. बिमा: योजनाको सम्भाव्यताको आधारमा विमा गराउनु पर्नेछ ।

१९. यस कार्यक्रमको लागि घुम्तीकोष रकमबाट प्राप्त हुने ऋण को सावाँलाई ऋण लगानी भएको ३ बर्ष भित्रमा तपसिल किस्ता बमोजिम कमल गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

क) पहिलो किस्ता: रू ३,००,०००। दश महिना भित्रमा बुझाउनु पर्नेछ ।

ख) दोस्रो किस्ता: रू ३,००,०००। अठार महिना भित्रमा बुझाउनु पर्नेछ ।

ग) तेस्रो किस्ता: रू ३,००,०००। चौबीस महिना भित्रमा बुझाउनु पर्नेछ ।

घ) चौथो किस्ता: रू ३,००,०००। तीस महिना भित्रमा बुझाउनु पर्नेछ ।

ङ) पाचौं किस्ता: रू ३,००,०००। छतीस महिना भित्रमा बुझाउनु पर्नेछ ।

२०. बाधा अड्काउ फुकाउने (खारेजी एवम् संशोधन)

क) निर्देशिका कार्यान्वयनका सन्दर्भमा कमल गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

ख) निर्देशिका कार्यान्वयनमा बाधा अड्चन आई परेमा वा विवाद उत्पन्न भएमा कमल गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

ग) निर्देशिकालाई आवश्यक्ता अनुसार कमल गाउँ कार्यपालिकाले खारेजी वा संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

## घुम्तीकोष रकम मार्फत पशुपंक्षीको दाना उद्योग स्थापना कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति: ......../....../......

यस गाउँपालिकाको आ.व. ......./...... को स्विकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागी तोकिए बमोजिमका सर्तहरू पालना गरि साझेदारी गर्नका लागि यस कमल गाउँपालिकामा रहेका ईच्छुक सहकारीहरू अथवा दर्ता भएका फार्म वा व्यवसायहरूले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

कार्यक्रम विवरण

| क.सं. | कार्यक्रमको नाम | संख्या | माग गरिएको रकम रू | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

नोट: थप जानकारीको लागि यस गाउँपालिकाको पशु सेवा शाखामा सम्पर्क राख्न सकिनेछ ।

अनुसूची २

आवेदन

श्री................

............................ ।

बिषय: प्रस्ताव पेश गरिएको बारे ।

प्रस्तुत बिषयमा ताहाँ कार्यालयको मिति .............को........................पत्रिकामा प्रकाशित सुचना अनुसार म निवेदकले तपसिल बमोजिमको कार्यक्रम घुम्तीकोष रकममा लागत साझेदारी सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहिको लागि यो निवेदन पेश गरेको छु ।

प्रस्तावक सहकारी, फार्म वा व्यवसायको सञ्चालक समितिको अध्यक्ष वा प्रोपाईटरको नाम थर:

स्थायी ठेगाना:

प्रस्तावित कार्यक्रमको नाम:

कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगाना:

संलग्न कागजातहरूको सूची

| क.सं. | संलग्न कागजातहरूको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

.......................

दस्तखत

# अनुसूची ३

## संक्षिप्त व्यवसायिक योजना

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१आवेदक र सम्पर्क ब्याक्ति सम्बन्धी विवरण:

| | |
|---|---|
| आवेदक सहकारीको नाम | |
| पूर्ण ठेगाना | |
| सहकारी अथवा फार्म वा व्यवसाय स्थापना भएको मिति | |
| सम्बन्धीत निकायमा सहकारी अथवा फार्म वा व्यवसाय दर्ता भएको मिति | |
| फोन नं. | |
| सम्पर्क व्याक्तिको नाम | |
| सम्पर्क व्याक्तिको मोवाईल नं. | |
| इमेल | |
| कार्यक्षेत्र | |
| प्रस्तावित आयोजनाको कुल खर्च | |
| माग गरेको कुल घुम्तीकोष रकम | |
| प्रस्तावकको तर्फबाट | |

२) घुम्तीकोष ग्राही संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| विगतमा गरेका कामहरूको संक्षिप्त विवरण | |
| वितिय, मानविय र भौतिक श्रोत | |

३) समस्या, औचित्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| तपाईको सहकारी अथवा फार्म वा व्यवसायले व्यवसाय सञ्चालन सम्बन्धमा भोग्दै आएका सम्स्याहरू | |
| व्यवसायिक योजना किन र के कार्यका लागि पेश गर्नु भएको हो | |
| आयोजनका उदेश्यहरू | |
| लाभान्वित घर परिवार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |

४) आयोजनाको सञ्चालन प्रकृया

| | |
|---|---|
| आयोजना कसरी सञ्चालन हुन्छ | |

५) घुम्तीकोषबाट के उपलब्धी हाँसिल हुनेछ

| | |
|---|---|
| क्षेत्रफल विस्तार | |
| उत्पादन बृद्धि (परिमाण मे.ट.) | |
| जीविकोपार्जन तथा जीवनस्तर सुधार | |
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |

६) आम्दानी र खर्चको विश्लेषण

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| विवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |
| खर्च विश्लेषण | | | | |
| विवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा | | | | |
| लाभ लागत अनुपात | | | | |

७) मुख्य प्रस्तावित क्रियाकलापहरूको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क.सं. | मुख्य क्रियाकलापहरू | माग गरेको रकम | आवेदकको योगदान | कुल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | कुल | | | | |

## अनुसूची ४

## घुम्तीकोष रकममा लागत साझेदारी गर्ने प्रतिवद्धता

श्री कमल गाउँ कार्यपालिकाको कार्यालयको मिति......................को ............ मा प्रकाशित सुचना अनुसार कमल गाउँपालिका .......... वार्ड नं.......... मा सञ्चालनमा रहेका .............................. सहकारी अथवा फार्म वा व्यवसायले घुम्तीकोष मार्फत लागत साझेदारी दाना उद्योग कार्यक्रम सञ्चालनको लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रू. ........... को ....... प्रतिशतले हुन आउने रू. ........ बरावरको लगानी आफ्नो आन्तरीक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

निवेदक

दस्तखत:

नाम:

मिति:

सहकारी अथवा फार्म वा व्यवसायको छाप:

नोट: सहकारीको हकमा सञ्चालक समितीको सर्वसम्बत निर्णय/संयूक्त व्यवसायको हकमा साझेदार व्याक्तिहरूको संयूक्त दस्तखत भएको प्रतिवद्धता आवब्यक पर्नेछ ।

## अनुसूची ५

## स्थलगत प्रमाणीकरण मुल्याङ्कन फारम

क) सामान्य जानकारी

१. जिल्ला:

२. आवेदकको नाम:

३. कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. स्थलगत प्रमाणिकरण मिति:

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण:

| क.सं. | पदाधिकारीहरूको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

ख) आवेदको मुल्याङ्कन

| क.सं. | मुल्याङ्कनका सूचकहरू | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविश्यमा विस्तारका लागि जग्गा उपलव्ध हुन सक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढि पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना | | |

| | | | |
|---|---|---|---|
| | छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो,पानि,बिजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगालिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयूक्त छ/छैन | | |
| २ | प्रविधि क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदकको सम्बन्धीत बिषयमा तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | वित्तिय क्षमता | १५ | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैंक मौज्दात वा सञ्चालित कारोवारको बचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणिय उपयूक्तता | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय बासिन्दाबाट बिरोध हुन सक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | | |
| ५ | अन्य पक्षहरू | २० | |
| ५.१ | संस्थागत व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता नविकरण कर चूक्ता अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित बस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | आवेदकसंग लागत साझेदारी गर्न उपयूक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोटः माथि उल्लेखित प्रत्येक बुदाँको स्थलगत प्रमाणिकरणमा सकारात्मक भेटीए ५ अंक देखि नकारात्मक अवस्था भेटिए ० अंकसम्म प्रदान गर्ने । उतिर्ण हुनको लागि ४० अंक प्राप्त गर्नु पर्नेछ । यदि कम्तिमा ४० अंक भन्दा कम प्राप्त गरेमा मुल्याङ्कन समितिमा मुल्याङ्कनको लागि छनौट गरिने छैन ।

ग) आवेदकसंग विद्यमान भवन,सवारी साधन, ठुला मेशिनरी र उपकरणहरूको विवरण

| क.सं. | विववरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

१,

२,

३,

४,

५,

ङ) स्थलगत प्रमाणिकरण टोलीको राय

स्थलगत प्रमाणिकरणमा भटिए/हुदैन भनी राय पेश गर्ने । कारण तथ्यहरूको आधारमा आवेदकसंग घुम्तीकोष रकममा लागत साझेदारी गरि प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयूक्त हुन्छ ।

| क.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची ६

प्रस्ताव मुल्याङ्कनका आधारहरू

स्कीम/व्यवसायिक योजना मुल्याङ्कन आधार

| क्र.सं | मुल्याङ्कन आधारहरू | अधिकतम | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | घुम्तीकोष ग्राही संस्थाको अनुभव | २० | |
| १.१ | विगतमा २ वा सो भन्दा बढि आयोजना सञ्चालन गरेका भए | ५ | |
| | २ भन्दा कम आयोजना सञ्चालनको अनुभव | ३ | |
| १.२ | वित्तिय श्रोत परिचालन | | |
| | ५० लाख भन्दा बढि | १० | |
| | ३० लाख देखि ५० लाख सम्म | ८ | |
| | २० लाख देखि ३० लाख सम्म | ५ | |
| | २०लाख भन्दा कम | ३ | |
| १.३ | व्यवस्थापक लेखापाल कार्यक्रम संयोजकले तोकेको | ३ | |
| १.४ | नियमित लेखापरिक्षण | २ | |
| २ | स्कीम/व्यवसायिकको प्राविधिक पक्ष | २० | |
| २.१ | प्राविधिक सम्भाव्यता | | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.२ | समस्याको विश्लेषण | | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.३ | उदेश्य | | |
| | सान्दर्भिक | ५ | |
| | कम सान्दर्भिक | ३ | |
| २.४ | औचित्य | | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | अप्रष्ट | ३ | |
| ३ | आयोजना सञ्चालन प्रकृया | २० | |
| ३.१ | लाभान्वीत परिवार संख्या | | |
| | ५० भन्दा बढि | ५ | |
| | ३० देखि ५० | ३ | |
| | ३० भन्दा कम | २ | |

| | | | |
|---|---|---|---|
| ३.२ | समावेशीकरण | १५ | |
| | महिला सहभागिता | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ३० देखि ५० प्रतिशतसम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित | | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |
| | १० देखि २० प्रतिशतसम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | जनजाती | | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ३० देखि ५० प्रतिशतसम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| ४ | उपलव्धी | २० | |
| ४.१ | उत्पादन उत्पादकत्व बृद्धि | | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.२ | क्षेत्रफल विस्तार | | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.३ | सालाखाला मुनाफा | | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.४ | आम्दानी खर्च अनुपात | | |
| | राम्रो | ५ | |
| | ठिकै | ३ | |

आज्ञाले,

सुवास श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत